# विश्वविद्यालय स्थापनाका जटिलता : मध्यपश्चिमको सन्दर्भ (वि.सं. २०५०–२०६७)

देवेन्द्र उप्रेती

## परिचय

यो लेख २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको मध्यपश्चिम क्षेत्रमा विश्वविद्यालय स्थापना गर्न जनस्तर र केन्द्रमा भएका प्रयत्नको अभिलेखांकन हो । त्रिभुवन विश्वविद्यालय (त्रिवि; स्था. २०१६) स्थापना भएको एक दशक नपुग्दै जनस्तरबाट विराटनगर, पोखरा, र दाङमा विश्वविद्यालय खोल्ने प्रयत्न शुरू भएका थिए (अधिकारी र पराजुली सन् २०१४; उप्रेती सन् २०१६) । नीतिगत रूपमा बहुविश्वविद्यालयको अवधारणा २०३९ सालमा गठित शाही उच्च शिक्षा आयोगको प्रतिवेदनले ल्यायो । त्रिवि अन्तर्गत रहेका संस्कृत अध्ययन संस्थानलाई स्वतन्त्र अस्तित्व दिई छुट्टै संस्कृत विश्वविद्यालय स्थापना गर्न उक्त प्रतिवेदनले सुझाव दियो । सोही सुझाव अनुसार २०४३ सालमा महेन्द्र (हाल, नेपाल) संस्कृत विश्वविद्यालय स्थापना भयो । आयोगका दुई सदस्यले त्रिविका क्याम्पसलाई एकीकृत गरेर पूर्वाञ्चल र पश्चिमाञ्चलमा पनि नयाँ क्षेत्रीय विश्वविद्यालय स्थापना गर्नुपर्ने राय दिएका थिए, जसले मूल सिफारिसमा ठाउँ पाएन; अनुसूचीमा भने समेटियो (हेर्नुहोस् शाही उच्च शिक्षा आयोग २०४०) ।[1] २०४६ सालपछि गठित शिक्षा आयोगका प्रतिवेदन, राष्ट्रिय योजना आयोगका आवधिक योजना, र सरकारी नीति तथा कार्यक्रममा क्षेत्रीय विश्वविद्यालय खोल्ने विषयले प्रमुखता पाए (राष्ट्रिय शिक्षा आयोग २०४९; मार्टिन चौतारी २०७१) । सोही समयमा विश्व बैंक र यूएनडीपीको सहयोगमा त्रिविलाई केन्द्रमा राखी सञ्चालित परियोजनाले समेत उच्च शिक्षाको क्षेत्रीयकरण (रिजनलाइजेशन) को अवधारणालाई अगाडि बढायो । प्रत्येक विकास क्षेत्रमा रहेका त्रिविका प्रमुख (लीड) क्याम्पसलाई भविष्यमा विश्वविद्यालयको रूपमा विकास गर्ने परियोजनाको लक्ष्य थियो (मल्ल सन् १९९५) ।

[1] रणधीर सुब्बाको अध्यक्षतामा गठित शाही उच्च शिक्षा आयोगका अन्य सदस्यमा मदनबहादुर प्रधान, जगतमोहन अधिकारी, बल्लभमणि दाहाल र मोहनप्रसाद लाखे रहेका थिए । क्षेत्रीय विश्वविद्यालयको पक्षमा सदस्यद्वय जगतमोहन अधिकारी र मोहनप्रसाद लाखेले फरक मत राखेका थिए ।

*समाज अध्ययन* १२ : १०७–१२८, २०७४

बहुविश्वविद्यालयबारे नेपालमा हुने केन्द्रीय/स्थानीय बहसमा "क्षेत्र/अञ्चल" विशेषको अवधारणाले महत्त्वपूर्ण स्थान ओगटेको छ । क्षेत्रीय विश्वविद्यालय खोल्ने छलफल चालीसको दशकमा शुरू भयो । पूर्वाञ्चल र पोखरा विश्वविद्यालय (स्था. क्रमश: २०५० र २०५३) को स्थापनाले यो छलफललाई मजबुत बनायो । दोस्रो जनआन्दोलन, वि.सं. २०६२–२०६३, पछि विश्वविद्यालय खोल्ने विषयमा "क्षेत्र/अञ्चल वा स्थान" को मुद्दा थप प्रखर बन्यो । धनकुटा, जनकपुर, वीरगञ्ज, चितवन, भक्तपुर, बाँके, सुर्खेत, कैलाली, कञ्चनपुर, आदि स्थानमा विश्वविद्यालय खोल्नुपर्ने विषयलाई लिएर बितेको एक दशकमा भएका प्रयास/आन्दोलन यसका उदाहरण हुन् (हेर्नुहोस्, अन्नपूर्ण पोष्ट २०६५; कान्तिपुर २०६५; भट्ट २०६५; झा २०६६) । उल्लिखित स्थानमध्ये सरकारले २०६७ सालमा चितवनमा कृषि तथा वन, सुर्खेतमा मध्यपश्चिमाञ्चल र महेन्द्रनगरमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गऱ्यो । बहुविश्वविद्यालय सम्बन्धी राष्ट्रिय नीतिमा टेक्दै स्थानीय/केन्द्रीय तहमा भएका प्रयास/आन्दोलनका परिणाम स्वरूप मात्र यी विश्वविद्यालय स्थापना गर्न सम्भव भएको थियो ।

२०४६ सालपछि विश्वविद्यालय स्थापना गर्दा स्थानीय/केन्द्रीय तहमा देखिने बहुआयामिक जटिलताबारे सार्वजनिक वृत्तमा जुन गहन बहस हुनुपर्थ्यो, त्यो भएको देखिँदैन । मध्यपश्चिम क्षेत्रमा विश्वविद्यालय खोल्न भएका प्रयत्न (२०५०–२०६७) लाई नमुना अध्ययन (केस स्टडी) को रूपमा प्रस्तुत गर्दै विश्वविद्यालय स्थापना गर्ने सवालमा स्थानीय/केन्द्रीय तहमा देखिएका जटिलतालाई यस लेखमा प्रस्तुत गरिएको छ । विश्वविद्यालय खोल्ने विषयमा नीतिगत प्रस्टता हुँदाहुँदै पनि केन्द्रीकृत र अस्थिर राजनीतिक प्रणाली भएको देशमा सीमान्तकृत क्षेत्र/समुदायका लागि विश्वविद्यालय स्थापना गर्ने कार्य सकसपूर्ण हुन्छ भन्ने तथ्यलाई यस लेखमा देखाइएको छ । साथै, राज्यसंयन्त्रमा कमजोर पहुँच भएका क्षेत्र/समुदायले निश्चित माग/मुद्दा (यस लेखमा विश्वविद्यालय) लाई "सामुदायीकरण" गरेर आफ्ना माग/मुद्दाप्रति राज्यलाई आश्वस्त पार्ने रणनीति अपनाउँछन् भन्ने तर्क समेत यस लेखमा गरिएको छ ।

परिचय र निष्कर्ष बाहेक यो लेखलाई तीन खण्डमा बाँडिएको छ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको सन्दर्भ र विश्वविद्यालय स्थापना गर्न राष्ट्रिय/स्थानीय समुदायबाट भएको प्रतिबद्धतामा लेखको पहिलो खण्ड केन्द्रित छ । विश्वविद्यालय खोल्नेबारे "स्थान विशेष" लाई लिएर भएका विवादबारे लेखको दोस्रो खण्डमा चर्चा गरिएको छ । लेखको तेस्रो खण्डमा भने मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ उल्लिखित "नेपाल सरकारको लगानीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने" प्रावधानलाई उत्खनन् गर्दै स्थानीय अभियन्ताले विश्वविद्यालय ऐनमा नै यस्तो प्रावधान राख्न किन जोड गरे भन्ने विषयलाई केलाइएको छ । लेख तयार गर्ने क्रममा विश्वविद्यालय

स्थापनामा संलग्न र विश्वविद्यालयबारे जानकार व्यक्तिसँग मंसिर २०७१ देखि जेठ २०७३ सम्मका विभिन्न मितिमा औपचारिक/अनौपचारिक कुराकानी गरिएको थियो ।[२] त्यसै गरी, मध्यपश्चिमाञ्चल विश्वविद्यालय गठनबारे सार्वजनिक रूपमा उपलब्ध अभिलेख र विश्वविद्यालयले तयार गरेका वार्षिक प्रतिवेदनलाई अध्ययन क्रममा उपयोग गरिएको छ । विश्वविद्यालय सम्बन्धी विधेयकमाथि व्यवस्थापिका-संसदमा भएका बहसका लागि व्यवस्थापिका-संसद सचिवालयमा अभिलेखबद्ध गरिएको "भर्बाटिम" प्रतिवेदनलाई समेत अध्ययन गरिएको छ । स्थापना पश्चात् (२०६७ यता) विश्वविद्यालय संस्थागत गर्न भएका प्रयत्न र यस अवधिमा विश्वविद्यालयमा भएका विभिन्न परिघटनाबारे भने यस लेखमा छलफल गरिएको छैन ।

## मध्यपश्चिममा विश्वविद्यालय

मध्यपश्चिम क्षेत्रमा विश्वविद्यालय स्थापना हुनुपर्छ भन्ने बहस कहिले शुरू भयो, एकीन गर्न कठिन छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले त्रिविलाई विकेन्द्रित गरी त्रिविका आंगिक/सम्बन्धनप्राप्त क्याम्पसलाई एकीकृत गरेर पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा एक-एक तथा मध्य र सुदूरपश्चिमाञ्चलका लागि एक गरी कम्तीमा चारओटा विश्वविद्यालय खोल्न सुझाव दियो (राष्ट्रिय शिक्षा आयोग २०४९) । एकातिर नीतिगत सुझाव र अर्कोतिर स्थानीयको लामो संघर्षका कारण २०५० सालमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना भयो (उप्रेती सन् २०१६) । पूर्वाञ्चल विश्वविद्यालयको स्थापनासँगै मध्यपश्चिम सहित देशका अन्य भू-भागमा पनि विश्वविद्यालय स्थापनाका लागि माग भए । २०५० भदौको पहिलो हप्ता पूर्वाञ्चल विश्वविद्यालय स्थापना सम्बन्धी विधेयकमाथि प्रतिनिधिसभामा छलफल हुँदा मध्यपश्चिम क्षेत्रबाट चुनिएका सांसदले सरकारले विश्वविद्यालय स्थापना गर्ने भए त्यो पूर्वाञ्चलमा नभई पश्चिम, मध्यपश्चिम, वा सुदूरपश्चिममा हुनुपर्ने माग गरेका थिए । उनीहरूमध्ये केहीले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान भर्खरै पूर्वाञ्चल (धरान) मा स्थापना भएको र विश्वविद्यालय पनि त्यहीँ खोल्ने सरकारी निर्णयले देशका अन्य भू-भागलाई विभेद गरेको गुनासो गरे ।[३]

[२] २०७१ मंसिर तेस्रो हप्ता विश्वविद्यालय स्थापनामा सक्रिय व्यक्तिसँग वीरेन्द्रनगर, सुर्खेतमा छलफल गरिएको थियो

[३] बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान २०४९ सालमा स्थापना भएको थियो । सरकारले प्रस्तुत गरेको पूर्वाञ्चल विश्वविद्यालय विधेयक, २०५० माथि प्रकाशचन्द्र लोहनी (राष्ट्रिय प्रजातन्त्र पार्टी, चन्द), चिरञ्जिवी वाग्ले (नेपाली काँग्रेस), केशवप्रसाद बडाल (नेकपा एमाले), दीपकुमार उपाध्यय (नेपाली काँग्रेस), लालबाबु पण्डित (नेकपा एमाले), गोपालजीजंग शाह (नेपाली काँग्रेस), शिवराज गौतम (नेपाली काँग्रेस) र रुद्रमणि शर्मा भण्डारी (नेपाली काँग्रेस), आदिले बोलेका थिए ।

वि.सं. २०४८ को आमनिर्वाचनपछि मध्य र सुदूरपश्चिमबाट निर्वाचित जनप्रतिनिधि सहितको एक समूहले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेटी मध्य वा सुदूरपश्चिमाञ्चलमा विश्वविद्यालय स्थापना गर्न अनुरोध गरेका थिए । मध्यपश्चिम क्षेत्रबाट प्रतिनिधित्व गर्ने तत्कालीन सांसद गोपालजीजंग शाह (नेपाली काँग्रेस) ले प्रतिनिधिसभाको पाँचौँ अधिवेशनको भदौ १, २०५० को बैठकमा भने :

> नेपाली काँग्रेसले मुलकका आवश्यकता हेरेर दुई ओटा विश्वविद्यालय स्थापना गर्ने भनेर आफ्नो घोषणा पत्रमा उल्लेख गरेको हो । वि.सं. २०४८ को आम निर्वाचनपछि काठमाडौँदेखि पूर्व एक र काठमाडौँदेखि पश्चिम एक गरी दुई ओटा विश्वविद्यालय बनाउन जनप्रतिनिधिले अभ्यास गरेका हुन् । यसै सन्दर्भलाई लिएर सुदूरपश्चिम र मध्यपश्चिमका सम्पूर्ण साथीहरूले सम्माननीय प्रधानमन्त्रीज्यूको निवासमा समेत बसेर सुदूरपश्चिम वा मध्यपश्चिमको ... नेपालगञ्ज या टीकापुर ... मा विश्वविद्यालय स्थापना हुनुपर्छ भन्ने आवाज त्यसै बेला उठाएका थियौँ । (संसद सचिवालय २०५० : २२४२)

मध्यपश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम सुर्खेतमा विश्वविद्यालय स्थापना गर्ने मुद्दा भने २०५१ सालमा तत्कालीन जिल्ला विकास समिति (जिविस) का सभापति गोविन्दबहादुर मल्लको अध्यक्षतामा गठित विकास क्षेत्र सुदृढीकरण समितिले अगाडि बढाएको थियो । मध्यपश्चिममा विश्वविद्यालय स्थापनाका लागि भएको यो नै पहिलो औपचारिक/संस्थागत प्रयास हो । सो समितिले जिल्लास्थित राजनीतिक दल, उद्योगी-व्यापारी, समाजसेवी, बुद्धिजीवीको भेला डाकी सुर्खेतमा विश्वविद्यालय स्थापना गर्नेबारे अन्तर्क्रिया कार्यक्रमहरू आयोजना गरेको थियो (खड्का २०६८) । जिविस महासंघको २०५२ सालमा दाङमा सम्पन्न भेलाले दाङमा अन्तर्राष्ट्रिय स्तरको विमानस्थल, बाँकेमा औद्योगिक केन्द्र र सुर्खेतमा विश्वविद्यालय स्थापना गर्ने निर्णय गऱ्यो (मध्यपश्चिमाञ्चल विश्वविद्यालय २०७३) । असार ३१, २०५३ मा सुर्खेत जिविस सभापतिको अध्यक्षतामा बसेको बैठकले मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्न १ करोड २५ लाख आर्थिक स्रोत परिचालन गर्ने निर्णय गऱ्यो (अमात्य २०५९) । यी विवरणले विक्रमको पचासको दशकको शुरूताका मध्यपश्चिमको क्षेत्रीय सदरमुकाम सुर्खेतमा विश्वविद्यालय स्थापना गर्नेबारे त्यहाँ एक प्रकारको सहमति रहेको देखाउँछ ।

यसैबीच, वि.सं. २०५३ मा पोखरा विश्वविद्यालय स्थापना भयो (अधिकारी र पराजुली सन् २०१४) । यसपछि मध्यपश्चिममा विश्वविद्यालय स्थापनाको माग गर्नेहरू थप जुर्मुराए ।

---

लोहनी र पण्डित बाहेक अरूले देशका अन्य भू-भागमा पनि विश्वविद्यालय स्थापना गर्नुपर्ने कुरा उठाएका थिए (हेर्नुहोस् संसद सचिवालय २०५०) ।

करिब सोही समयमा राष्ट्रिय योजना आयोगले तयार गरेको नवौँ योजना (२०५४–२०५९) ले पनि उच्च शिक्षालाई बढी व्यवस्थित, स्तरीय र प्रतिस्पर्धात्मक पारी राष्ट्रिय तथा क्षेत्रीय आवश्यकता पूरा गर्नका लागि पाँचै विकास क्षेत्रमा विश्वविद्यालय स्थापना गर्ने नीतिगत योजनालाई अगाडि बढायो (राष्ट्रिय योजना आयोग २०५५)। यसै क्रममा, २०५६ सालको संसदीय निर्वाचनको आफ्नो घोषणा पत्रमा नेपाली काँग्रेसले मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्ने मुद्दालाई समावेश गऱ्यो (नेपाली काँग्रेस २०५६)। एकातर्फ पूर्वाञ्चल र पोखरा विश्वविद्यालयको स्थापना भइसकेको र अर्कोतर्फ राष्ट्रिय शिक्षा आयोग (२०४९), नवौँ आवधिक योजना र देशको प्रमुख दलले मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्ने मुद्दालाई आत्मसात् गरेपछि मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्न जुटेका अभियन्ता थप उत्साहित भए।

२०५९ सालदेखि स्थानीय निकाय नेतृत्व विहीन भएकाले २०५१ सालदेखि विकास क्षेत्र सुदृढीकरण समितिले अगाडि बढाएको विश्वविद्यालय स्थापनाको मुद्दा उठाउने काम नागरिक समाजको तर्फबाट गठित मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनार्थ मूल समितिले गऱ्यो।[४] यो समिति र त्यसक्षेत्रका जनप्रतिनिधिको निरन्तर प्रयासपछि मध्यपश्चिमाञ्चलमा विश्वविद्यालय स्थापना गर्नका लागि सरकारले माघ १४, २०५८ मा प्राध्यापक सूर्यलाल अमात्यको संयोजकत्वमा अर्जुनबहादुर भण्डारी र पीताम्बर ढकाल सहितको तीन सदस्यीय विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्यदल गठन गऱ्यो। विश्वविद्यालयको भौतिक पूर्वाधार, प्रस्तावित विश्वविद्यालयको स्थान, आर्थिक स्रोत, स्थानीय सहभागिता, फ्याकल्टी, जनशक्ति, आदि विषयमा विश्लेषण गरी प्रतिवेदन पेश गर्न कार्यदललाई भनिएको थियो। वीरेन्द्रनगरमा विश्वविद्यालय गठन गर्ने कुरालाई पहिलो विकल्पको रूपमा कार्यदलले प्रस्तुत गऱ्यो।[५] प्रतिवेदन लेख्छ :

> पूर्वाञ्चल विकास क्षेत्रमा पूर्वाञ्चल विश्वविद्यालय र पश्चिमाञ्चल विकास क्षेत्रमा पोखरा विश्वविद्यालयको स्थापना भइसकेको छ। यदि श्री ५ को सरकारले क्षेत्रीय

[४] नागरिक समाजको तर्फबाट गठित मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनार्थ मूल समितिका अध्यक्ष भुषणकुमार मानन्धर थिए।

[५] अन्य दुई विकल्प यसप्रकार रहेका थिए। (१) वीरेन्द्रनगर र नेपालगञ्जमा दुई ओटा मानित विश्वविद्यालयहरू शुरू गर्ने, त्यसमा वीरेन्द्रनगरमा शिक्षा, मानविकी, सामाजिक शास्त्र, विज्ञान र व्यवस्थापन विषयमा र नेपालगञ्जमा मेडिकल कलेज स्थापना गर्ने; र (२) दाङको बेलझुण्डीमा रहेको महेन्द्र संस्कृत विश्वविद्यालयलाई विस्तार गरेर सुर्खेतको वीरेन्द्रनगरमा केन्द्रीय शिक्षा विभाग, घोराहीमा केन्द्रीय मानविकी तथा समाजशास्त्र विभाग र नेपालगञ्जमा केन्द्रीय विज्ञान र व्यवस्थापन विभागको स्थापना गर्ने (हेर्नुहोस् अमात्य २०५९)।

> विश्वविद्यालयको अवधारणालाई निरन्तरता दिने हो भने मध्यपश्चिमाञ्चल विकास क्षेत्रले पनि विश्वविद्यालयको स्थापना गर्न पूर्ण अधिकार सुरक्षित राख्दछ । सुर्खेत वीरेन्द्रनगर मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रशासकीय केन्द्रको रूपमा स्थापित भइसकेको छ । मुलुकभरि रहेका नगरपालिकाहरूमध्ये यो राम्रो र योजनाबद्ध तरिकाले निर्माण गरिएको छ । यस क्षेत्रमा वीरेन्द्रनगरको भौगोलिक अवस्थिति र यहाँबाट तराई र भेरी, राप्ती तथा कर्णाली अञ्चलको पहाडी जिल्लाहरू सम्म पुग्ने पहुँचको सरलताको कारणले नेपालगञ्ज र घोराहीभन्दा यो ठाँउ निश्चय नै बढी उपयुक्त मान्नुपर्ने हुन्छ । (अमात्य २०५९ : १०)

सुर्खेतमा विश्वविद्यालय स्थापना गर्ने छलफललाई अगाडि बढाउन यो प्रतिवेदनले प्रमुख भूमिका खेल्यो । चैत २४–२५, २०५९ मा सुर्खेतमा भएको नेपाल प्राध्यापक संघको क्षेत्रीय भेलाले सो प्रतिवेदनलाई कार्यान्वयन गरियोस् भन्ने प्रस्तावलाई पारित गऱ्यो । र, भन्यो, "श्री ५ को सरकारले लिएको क्षेत्रीय विश्वविद्यालयको अवधारणा अनुरूप म.प. विकास क्षेत्रको सदरमुकाम वीरेन्द्रनगर सुर्खेतमा म.प. विश्वविद्यालय स्थापना गर्नुपर्ने प्रतिवेदन श्री ५ को सरकारद्वारा गठित कार्यदलले श्री ५ को सरकार समक्ष प्रस्तुत गरेको सन्दर्भमा उक्त कार्यदलको प्रतिवेदन तत्काल कार्यान्वयन गरियोस्" (मल्ल २०६० : २२–२३) । "प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको प्रारम्भिक प्रारूप तयार गर्न" प्राध्यापक सूर्यलाल अमात्यकै संयोजकत्वमा कात्तिक १८, २०६१ मा सरकारले आठ-सदस्यीय समिति गठन गऱ्यो ।[६] वीरेन्द्रनगरलाई पहिलो प्राथमिकता दिई तत्काल विश्वविद्यालय स्थापना गरिनुपर्ने र भविष्यमा क्रमशः दाङको घोराही र बाँकेको कोहलपुरमा पनि आवश्यकता अनुसार विश्वविद्यालयको स्थापना र विस्तार गर्दै जानुपर्ने सुझाव सो समितिले दियो ।

यी विभिन्न कार्यदलले दिएका सुझाव र प्रत्येक विकास क्षेत्रमा विश्वविद्यालय खोल्ने नीतिगत योजनालाई टेक्दै माघ २०६१ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले अध्यादेश मार्फत मध्यपश्चिम लगायत राजर्षिजनक, सुदूरपश्चिमाञ्चल र कृषि तथा वन विश्वविद्यालय खोल्ने तयारी गऱ्यो । यी प्रस्तावित विश्वविद्यालयका विधेयक माघ १८, २०६१ को मन्त्रिपरिषद् बैठकमा प्रस्तुत समेत भए तर समयाभावका कारण माघ २१ को मन्त्रिपरिषद् बैठकमा यी विधेयक पारित गर्ने निर्णय भयो ।

अध्यादेश मार्फत मध्यपश्चिम लगायत अन्य विश्वविद्यालय स्थापना गर्न भएका प्रयासबारे साउन १५, २०६६ को व्यवस्थापिका-संसद बैठकमा तत्कालीन शिक्षा मन्त्री विमलेन्द्र निधिले भने, "२०६१ सालतिर ... शिक्षा मन्त्रालयको कार्यभार सम्हाल्ने अवसर पाएँ । त्यो बेला अध्यादेश मार्फत राजर्षिजनक, कृषि तथा वन, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिम

[६] यो समितिका अन्य सदस्यमा पीताम्बर ढकाल, वसन्तराज अधिकारी, बीनबहादुर सिंह ओली, मोहनजंग शाह, सीतारामराज विष्ट, केशरसिं राना, महेन्द्रकुमार मल्ल र डिल्लीराम रिमाल थिए ।

विश्वविद्यालय स्थापना गर्ने सम्पूर्ण तयारी भइसकेको थियो । विधेयकको तयारी पनि भैसकेको थियो । अन्तिम बेलामा राजाबाट शासनसत्ता हातमा लिने काम भयो र त्यो नभइदिएको भए मंगलबारपछि बस्ने बिहीबारको मन्त्रिपरिषद् बैठकबाट यी चारओटै विश्वविद्यालय सम्बन्धी अध्यादेश पारित भएर स्थापना भइसकेका हुने थिए ।"[७]

तर यसबीच माघ १९, २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले देउवा सरकारलाई अपदस्थ गरी शासनसत्ता आफ्नो हातमा लिएपछि यी विश्वविद्यालय स्थापना गर्ने प्रयत्न तत्कालका लागि त्यसै सेलाए । ज्ञानेन्द्रको अध्यक्षतामा गठित नयाँ मन्त्रिपरिषद्मा राधाकृष्ण मैनाली शिक्षा मन्त्री भए । निधिले अगाडि बढाएको अध्यादेश मार्फत विश्वविद्यालय स्थापना गर्ने योजनालाई मैनालीले पन्छाइदिए । त्यसको सट्टा शिक्षा मन्त्रालयको निर्देशनमा पुस १, २०६० मा विश्वविद्यालय अनुदान आयोगले प्राध्यापक उपेन्द्रबहादुर प्रधानांगको संयोजकत्वमा गठित छ सदस्यीय उच्च शिक्षा कार्यदलले प्रस्ताव गरेको उच्च शिक्षा विधेयक, २०६१ लाई मन्त्री मैनालीले अगाडि बढाउन चाहे ।[८] यसले विश्वविद्यालय स्थापना गर्ने मुद्दा ओझेलमा पऱ्यो र प्रस्तावित उच्च शिक्षा विधेयक २०६१ को मस्यौदा चर्चामा आयो ।[९]

ज्ञानेन्द्रको प्रत्यक्ष शासन धेरै टिकेन; विसं २०६२–२०६३ को १९ दिने दोस्रो जनआन्दोलनले राजनीतिक दलहरूलाई पुन: सत्तामा पुऱ्यायो । र सँगै, मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्ने अभियानले गति लियो ।[१०] विश्वविद्यालय अनुदान आयोगले मंसिर १६, २०६४ मा नेपाल प्राध्यापक संघका पूर्व अध्यक्ष केशवानन्द गिरीको

[७] निधिले साउन १५, २०६६ मा व्यवस्थापिका-संसद (छैठौँ अधिवेशनमा) दिएको मन्तव्यको सम्पादित रूप । पूर्ण विवरणका लागि संसद सचिवालय (२०६६ख) हेर्नुहोस् । सुर्खेतबाट प्रतिनिधित्व गर्ने नेपाली काँग्रेसका नेता पूर्णबहादुर खड्काले असार ३०, २०६६ मा व्यवस्थापिका-संसदमा दिएको वक्तव्य पनि निधिको यस भनाइसँग मिल्छ । खड्का भन्छन् : ६१ सालको माघ १८ गतेको क्याबिनेटमा मध्यपश्चिमाञ्चल लगायत अन्य तीन ओटा विधेयक प्रस्तुत भए पनि समय अभावका कारण बिहीबार क्याविनेटको बैठक बसी यी विधेयक पारित गर्ने निर्णय भयो तर माघ १९ गते नै ज्ञानेन्द्रले शासन हातमा लिए । यसले मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गर्ने कार्य तत्कालीन समयमा हुन सकेन (संसद सचिवालय २०६६क) ।

[८] यस कार्यदलका अन्य सदस्यमा हर्षनारायण धौभडेल, तीर्थबहादुर मिश्र, भरतबहादुर कार्की, शिवप्रसाद धौभडेल र सदस्य सचिवमा सुवासचन्द्र ढुंगेल रहेका थिए । कार्यदलको प्रतिवेदनका लागि प्रधानांग (२०६०) हेर्नुहोस् ।

[९] विभिन्न समयमा सार्वजनिक भएका प्रस्तावित उच्च शिक्षा विधेयकबारे थप जानकारीका लागि वाग्ले (२०६६); खनिया (सन् २०११) र पराजुली, वन्त र उप्रेती (२०७३) हेर्नुहोस् ।

[१०] नेकपा माओवादी सहित सात राजनीतिक दलले चैत २२, २०६२ मा शुरू गरेको शान्तिपूर्ण जनआन्दोलन वैशाख ११, २०६३ सम्म चलेको थियो । परिणाम स्वरूप राजा ज्ञानेन्द्र वैशाख ११ मा सात राजनीतिक दलको मार्गचित्र बमोजिमा विघटित संसद पुनर्स्थापित गर्न बाध्य भएका थिए ।

संयोजकत्वमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय तयारी समिति २०६४ गठन गऱ्यो ।[११] त्रिविका सुर्खेत शिक्षा र वीरेन्द्र बहुमुखी क्याम्पसलाई एकीकृत गरी विश्वविद्यालय गठन गर्ने र यस भेगमा रहेका त्रिविका अन्य क्याम्पसलाई पनि यसै विश्वविद्यालयका आंगिक क्याम्पसका रूपमा राख्नुपर्ने सुझाव यो समितिले दियो (गिरी २०६४) । साथै, सुर्खेतमा विश्वविद्यालय स्थापना भए पश्चात् मध्यपश्चिमाञ्चल क्षेत्रका प्रत्येक जिल्लामा कम्तीमा एउटा आंगिक क्याम्पस स्थापनाको नीति अवलम्बन गर्नुपर्ने कुरालाई समेत समितिले जोड दियो (गिरी २०६४ : ७) ।

## सामुदायिक प्रतिबद्धता

दोस्रो जनआन्दोलनपछि सुर्खेतमा विश्वविद्यालय स्थापना गर्ने मुद्दाको "सामुदायीकरण" भयो। र, मध्यपश्चिम क्षेत्रमा त्यसले सामाजिक आन्दोलनकै रूप लियो । अन्ततः फागुन १६, २०६५ मा पुष्पकमल दाहाल "प्रचण्ड" को नेतृत्वको मन्त्रिपरिषद्ले सुर्खेतको वीरेन्द्रनगरमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गर्ने निर्णय गऱ्यो (गोरखापत्र २०६५) । लगत्तै (फागुन २७–चैत ४, २०६५) मौद्गल्य सेवा समाज नेपाल (स्था. २०६३) ले वीरेन्द्रनगरमा श्रीमद्भागवत धनधान्याञ्चलज्ञानमहायज्ञ[१२] सञ्चालन गऱ्यो । जिल्लाका स्थानीय निकाय, व्यावसायिक संघ-संगठन, सुर्खेत (शिक्षा) क्याम्पस र अन्य शैक्षिक (समाजिक) संस्थाले महायज्ञलाई बलियो साथ दिए (गौतम २०६५) । र, विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि करिब २६ करोड बराबरको सम्पत्ति जुटाउने सामूहिक प्रतिबद्धता व्यक्त गरे ।[१३] उदाहरणका लागि, सुर्खेत उपत्यका नगरविकास समितिले १६ करोड ८० लाख बराबरको जग्गा र ४१ लाख नगद दान गर्ने उद्घोष गऱ्यो । सामुदायिक वन उपभोक्ता महासंघ, सुर्खेतले ६१ लाख, जिविस सुर्खेतले ६० लाख, नेपाल शिक्षक संघ सुर्खेतले ५२ लाख, मध्यपश्चिमाञ्चल ट्रक तथा ट्र्याक्टर व्यवसायी संघले १३ लाख र मध्यपश्चिमाञ्चल

[११] गिरीको संयोजकतामा गठित समितिका अन्य सदस्यमा पारसनाथ यादव, इन्दु आचार्य, डिल्लीराम रिमाल र राममणि गौतम थिए । गिरी २०५३ देखि २०५५ सम्म नेपाल प्राध्यापक संघको अध्यक्ष थिए ।

[१२] मोतिप्रसाद सापकोटाको अध्यक्षतामा गठन भएको महायज्ञ सञ्चालक समितिका अन्य सदस्यमा विश्वविद्यालय स्थापना मूल समितिमा रहेका व्यक्तिहरू भुषणकुमार मानन्धर (अध्यक्ष), महेन्द्रकुमार मल्ल (सचिव) र पीताम्बर ढकाल लगायत थिए । विश्वविद्यालय स्थापना गर्ने कार्यमा जुटेका व्यक्तिले नै महायज्ञ सञ्चालन गरेका थिए भन्ने यसले प्रस्ट पार्छ ।

[१३] करिब ६०० भन्दा बढी व्यक्ति (र एक दर्जन संस्था) ले महायज्ञको समयमा २६ करोड बराबरको वाग्दान गरे पनि भदौ २०६६ सालसम्म नगद, जिन्सी, निर्माण सामग्री, जग्गादानको कुल उठ्न बाँकी रकम करिब २४ करोड ४२ लाख थियो ।

यातायात व्यवसायी संघले ११ लाख सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यसै गरी, सुर्खेत (शिक्षा) क्याम्पसका प्राध्यापक/कर्मचारीले १९ लाख, पब्लिक साइन्स क्याम्पसले १ लाख ७७ हजार, इन्टरनेशनल कोअपरेटिभ एकेडेमीले १ लाख ११ हजार, सेन्टमेरिज कोएड स्कूलले १ लाख ११ हजार दिने उद्घोष गरे ।

सुर्खेत उपत्यकामा रहेका अन्य सामाजिक संघसंस्था, शिक्षक संगठन, बार एशोसियशन, उद्योग-वाणिज्य महासंघ, आदिले पनि यस अभियानमा नगद तथा अन्य सहयोग गरे ।[१४] त्यस बाहेक, निजी तवरबाट पनि महायज्ञ मार्फत विश्वविद्यालय स्थापनाका लागि नगद र अन्य दानको घोषणा भयो । वीरेन्द्रनगर ६ का मोतिप्रसाद सापकोटाले ५१ लाख, जनकदेव भारती, जगतकुमारी थापा, गीताकुमारी अर्याल र डीपी समदर्शी, सुन्दर कुमार र हिरालाल पन्तले जनही १० लाख, र रामकुमार र नारायणीदेवी पन्तले १० लाख रुपियाँ दिएर विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न नगद सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।[१५] महायज्ञमा पाँचदेखि सात लाख बीचमा वाग्दान गर्ने १५ जना र एकदेखि दुई लाख बीचमा वाग्दान गर्नेको संख्या १२० जनाभन्दा बढी थियो ।[१६] नेपाली समाजमा विश्वविद्यालय स्थापना गर्ने सन्दर्भमा यस्तो प्रतिबद्धता (आर्थिक सहयोग) यसअघि कहिल्यै देखिएको थिएन ।

विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा सुर्खेती जनतामा त्यस बेला गजबको जोस थियो भन्ने माथिका विवरणले देखाउँछ ।[१७] तर महायज्ञ सम्पन्न भएको करिब एक दशकपछि (असार २०७४ मा) यसलाई फर्केर हेर्दा महायज्ञले विश्वविद्यालय पूर्वाधार निर्माण गर्न आवश्यक सम्पत्ति जम्मा गर्नेमा भन्दा पनि सुर्खेतमा विश्वविद्यालय स्थापना गर्ने माहोललाई बढी व्यापक बनाउन मात्र सहयोग गर्‍यो भन्नुपर्ने हुन्छ । किनभने मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना मूल समितिले माघ ७, २०७१ मा—महायज्ञ

[१४] विश्वविद्यालय स्थापनाका लागि जनस्तरबाट सहयोगको प्रतिबद्धता भएको थियो भन्ने देखाउने उद्देश्यले मात्र यो सूची दिइएको हो । महायज्ञमा वाग्दान, जिन्सीदान, नगद र जग्गादान गर्ने व्यक्ति र संस्थाको नामावलीका लागि तिमिल्सेना (२०६६) हेर्नुहोस्।

[१५] यी सबै दाताले १० लाखभन्दा केही बढी दान गरेका छन् । हजार र सयमा दान गर्ने दातालाई यहाँ समावेश गरिएको छैन ।

[१६] विश्वविद्यालय स्थापना मूलसमितिले महायज्ञमा रकम दिने दाताहरूलाई विभिन्न आश्वासन दिएको थियो । ५० लाखभन्दा बढी रकम दिनेको सम्मानमा विश्वविद्यालय परिसरमा अर्धकदको शालिक बनाउने, १० लाखभन्दा बढी दिनेको नाममा विश्वविद्यालयमा बन्ने ब्लकको नाम राख्ने लगायत घोषण गरिएको थियो ।

[१७] महायज्ञमा दान गर्ने केही व्यक्तिहरूको पृष्ठभूमि अध्ययन गर्दा उनीहरू आर्थिक हिसाबमा सामान्य नागरिकहरू हुन् । अधिकांशले जनताका छोराछोरीले उच्च शिक्षाबाट वञ्चित हुन नपरोस् भन्नका लागि दान गरेको बताएका छन् ।

सम्पन्न भएको करिब सात वर्षपछि—विश्वविद्यालयको पूर्वाधार निर्माण गर्न विभिन्न संघ संस्था र दाताबाट संकलित करिब २६ करोड चल-अचल सम्पत्तिमध्ये त्यति बेलासम्म उठेको ५ करोड ३६ लाख ६ हजार रुपैयाँ मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई हस्तान्तरण गरेको थियो (मध्यपश्चिमाञ्चल विश्वविद्यालय २०७३)। त्यसैले, विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा यस महायज्ञको आर्थिकभन्दा पनि राजनीतिक/सांस्कृतिक महत्ता बढी देखियो। किनकि यस पश्चात् विश्वविद्यालय स्थापना गर्ने मुद्दा सुर्खेतका सबैजसो राजनीतिक दल र नेताका साझा “एजेण्डा” बने। वि.सं. २०५० मा केही जनप्रतिनिधि र शिक्षामा चासो राख्ने व्यक्तिबाट शुरू भएको विश्वविद्यालय स्थापना अभियान १५ वर्षपछि सबै राजनीतिक दल, सामाजिक संघसंस्था, नागरिक समाज र सामान्यजनको साझा मुद्दामा परिणत भयो।[१८] यद्यपि, विश्वविद्यालय सुर्खेतमै स्थापना गर्ने विषय भने विवादमुक्त हुन सकेन।

## “स्थानविशेष” को विवाद

मध्यपश्चिममा विश्वविद्यालय स्थापना हुनुपर्ने विषयमा मध्यपश्चिमवासी सहमत भए पनि विश्वविद्यालय सुर्खेतमा स्थापना गर्ने कि बाँकेमा गर्ने भन्नेमा उनीहरूबीच शुरूबाटै विवाद थियो।[१९] मध्यपश्चिममा विश्वविद्यालय स्थापनाको सकारात्मक संकेत मिल्न थालेपछि विश्वविद्यालय स्थापना हुने ठाउँको विवाद थप गहिरिँदै गयो (खड्का २०६८)। उदाहरणका लागि, सूर्यलाल अमात्य संयोजक रहेको प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको प्रारम्भिक प्रारूप तयार गर्न गठित कार्यदलको प्रतिवेदन २०६१ मा कार्यदलका सदस्य सीतारामराज विष्टले वीरेन्द्रनगरमा विश्वविद्यालय स्थापना गर्ने बुँदामा यसरी असहमति जनाएका थिए :

> विश्वविद्यालयको केन्द्रीय कार्यालय मध्यपश्चिमाञ्चलको सुर्खेतमा रहने गरी भएको निर्णयमा मेरो निम्न बमोजिमको असहमति रहेको छ। विश्वविद्यालय भौगोलिक, शैक्षिक, बौद्धिक वातावरण, यातायात, सञ्चार र भौतिक पूर्वाधार, जनघनत्व साथै यस क्षेत्रकै जनता र विद्यार्थीहरूलाई पायक पर्ने दृष्टिकोणले र मध्यपश्चिम मात्र नभै सुदूरपश्चिम र पश्चिमाञ्चलका विद्यार्थीहरूलाई समेत पायक हुने दृष्टिले अध्ययन गर्न पाउने र आर्थिक दृष्टिले सम्पन्न तथा भौतिक पूर्वाधारको कुरा गर्दा अरबौंको लगानीमा सञ्चालित नेपालगञ्ज मेडिकल कलेजको शैक्षिक र स्वस्थ वातावरण पुष्टि भइरहेको हुँदा बाँके जिल्लाको कोहलपुरमा

[१८] विश्वविद्यालय स्थापना गर्न सक्रिय व्यक्तिहरू सँगको कुराकानीमा आधारित।

[१९] मध्यपश्चिमाञ्चलमा सुर्खेतलाई केन्द्र मान्ने कि नेपालगञ्जलाई भन्ने विवाद यसअघि पनि भएका थिए। जस्तै, २०५१ सालमा सुर्खेतबाट क्षेत्रीय पुनरावेदन अदालत नेपालगञ्ज सार्दा पनि सुर्खेतमा आन्दोलन भएको थियो।

> मध्यपश्चिमाञ्चल विश्वविद्यालय हुनुपर्ने कुरा टड्कारो रूपमा देखापरेको छ । त्यसैले ... मध्यपश्चिमाञ्चल विश्वविद्यालय बाँके जिल्लाको कोहलपुरमा हुनुपर्ने राय व्यक्त गर्दछु । (अमात्य २०६१ : ३८)

विश्वविद्यालय स्थापनाका लागि स्थान छनोट विवादबारे केशवानन्द गिरीको संयोजकत्वमा गठित मध्यपश्चिमाञ्चल विश्वविद्यालय तयारी समिति २०६४ को प्रतिवेदनले पनि थप बताउँछ । २०६४ माघको पहिलो हप्ता सुर्खेत, बाँके र दाङमा मध्यपश्चिममा समितिले विश्वविद्यालय स्थापना सम्बन्धमा गरेका छलफल कार्यक्रममा सहभागीले विश्वविद्यालय आ-आफ्ना क्षेत्रमा स्थापना हुनुपर्ने दाबी गरेका थिए । उदाहरणका लागि, माघ ५, २०६४ मा सुर्खेत क्याम्पस (शिक्षा) मा भएको छलफल कार्यक्रममा मध्यपश्चिमको क्षेत्रीय सदरमुकाम भएको र यसले सम्पूर्ण मध्यपश्चिम र सुदूरपश्चिम समेतलाई जोड्न सक्ने हुनाले मध्यपश्चिममा स्थापना गरिने विश्वविद्यालयका लागि वीरेन्द्रनगर उपयुक्त र सान्दर्भिक हुने सहभागीले बताएका थिए । नेपालगञ्जमा माघ ७, २०६४ मा आयोजित छलफल कार्यक्रममा सहभागीले कुनै विवादबिना नै नेपालगञ्जमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गर्नुपर्ने कुरा जोडदार रूपमा उठाएका थिए (गिरी २०६४ : १७–२०) । सुर्खेतको वीरेन्द्रनगरमा विश्वविद्यालय स्थापना गर्नेबारे सुर्खेतवासी सहमत भए पनि बाँकेका हकमा भने विश्वविद्यालय कोहलपुर वा नेपालगञ्ज कहाँ राख्ने भन्नेमा विवाद थियो ।

वि.सं. २०५८/२०५९ मा स्थानीय स्तरबाट शुरू भएको विश्वविद्यालय सुर्खेतमा राख्ने कि बाँकेमा भन्ने विवादले २०६५/२०६६ साल आइपुग्दा केन्द्रीय/राष्ट्रिय रूप लियो । वि.सं. २०६५/२०६६ मा व्यवस्थापिका-संसदमा यसै विषयमा भएको विवाद यसको ज्वलन्त उदाहरण हो । तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले असोज ३, २०६५ मा व्यवस्थापिका-संसदको बैठकमा आर्थिक वर्ष २०६५/२०६६ को वार्षिक बजेट मन्तव्य दिँदै "चितवनको रामपुरमा कृषि, वन तथा पशुविज्ञान विश्वविद्यालय र मध्यपश्चिमाञ्चल क्षेत्रमा प्रौद्योगिकी विश्वविद्यालय स्थापना गर्न रु. ८ करोड विनियोजन गरेको" बताए (अर्थ मन्त्रालय २०६५ : ४०) । अर्थमन्त्रीको यस भनाइलाई सुर्खेतबाट व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रतिनिधि—कमल विक (नेकपा माओवादी), पूर्णबहादुर खड्का (नेपाली काँग्रेस) र यामलाल कँडेल (नेकपा एमाले)—ले विरोध जनाए । अर्थमन्त्रीले मध्यपश्चिमाञ्चल क्षेत्रमा प्रौद्योगिकी विश्वविद्यालय स्थापना गर्ने चर्चा गरेको तर विज्ञ कार्यदलको प्रतिवेदनले मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्न सुर्खेत उपयुक्त स्थान हो भन्दा समेत स्थान (सुर्खेत) तोक्ने काम नगरेको भन्दै अर्थमन्त्रीसँग उनीहरूले जवाफ मागेका थिए । असोज ८, २०६५ मा ती प्रश्नको प्रत्युत्तर दिँदै भट्टराईले सर्वदलीय सहमतिका आधारमा विश्वविद्यालय स्थापनाको उपयुक्त स्थान तोकिने तर आफ्नो व्यक्तिगत विचारमा भने विश्वविद्यालयका लागि सुर्खेत नै उपयुक्त हुने बताएका थिए (संसद सचिवालय २०६५) ।

अन्तत: फागुन १६, २०६५ मा मन्त्रिपरिषद्‌ले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतको वीरेन्द्रनगरमा खोल्ने निर्णय गऱ्यो (गोरखापत्र २०६५) । मन्त्रिपरिषद्‌को यस निर्णय लगत्तै बाँकेका जनताले विरोधमा आन्दोलन शुरू गरे (कान्तिपुर २०६५) । प्रधानमन्त्री (प्रचण्ड) र शिक्षा मन्त्री (रेणुकुमारी यादव) ले "नेपालगञ्ज जस्तो विश्वविद्यालयका लागि उपयुक्त र पायक पर्ने ठाउँ मध्यपश्चिममा अन्यत्र नभएको भन्दै ढुक्क हुन दिएको आश्वासन" विपरित सरकारले सुर्खेतमा विश्वविद्यालय घोषणा गरेर बाँकेवासीलाई धोका दिएको उनीहरूको आरोप थियो (अन्नपूर्ण पोष्ट २०६५ : ३) ।[२०] यसले बाँकेमा विश्वविद्यालय स्थापना गर्नेबारे बाँकेवासीले तत्कालीन प्रधानमन्त्री तथा शिक्षा मन्त्रीसँग छलफल गरेका थिए भन्ने जनाउँछ ।

माघ १३, २०६६ मा तत्कालीन शिक्षा राज्यमन्त्री गोविन्द चौधरीले व्यवस्थापिका-संसदमा "मध्यपश्चिमाञ्चल विश्वविद्यालय विधेयक २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गरे ।[२१] सामान्य (सैद्धान्तिक) छलफलका लागि प्रस्तुत विधेयकमा कुनै पनि सांसदले बोलेनन् । र, पछि सभामुख सुवासचन्द्र नेम्वाङले सो विधेयक व्यवस्थापिका-संसदमा दफावार छलफलका लागि पेश गरे (हेर्नुहोस् संसद सचिवालय २०६६ग) । यसबीच २०६६ माघको तेस्रो हप्ता प्रधान सेनापति हटाउने/नहटाउने विषयको विवादले पुष्पकमल दाहाल नेतृत्वको सरकार परिवर्तन भयो । त्यसै कारण विधेयक माथिको दफावार छलफल हुन सकेन । यसपछि माधवकुमार नेपालको नेतृत्वमा नयाँ सरकार बन्यो । सो सरकारका अर्थमन्त्री सुरेन्द्र पाण्डेले असार २९, २०६६ मा आर्थिक वर्ष २०६६/६७ को बजेट प्रस्तुत गर्दै संसदमा भने :

> विश्वविद्यालय नभएका क्षेत्रहरूमा नयाँ विश्वविद्यालय स्थापना गर्दै जाने नीति अनुरूप आगामी वर्ष सुदूरपश्चिमको कञ्चनपुर, मध्यपश्चिम र वीरगञ्जमा विश्वविद्यालय स्थापना गरिनेछ । साथै, जनकपुरमा राजर्षिजनक विश्वविद्यालय स्थापना गरिनेछ । कैलालीको गेटा-अत्तरियामा मेडिकल कलेज र चितवनको मौजुदा रामपुर कृषि तथा पशु विज्ञान क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयसँग परामर्श गरी विश्वविद्यालयको रूपमा विकास गरिनेछ । त्यसै गरी प्राविधिक शिक्षालाई अगाडि बढाउन पूर्वाञ्चलमा प्रौद्योगिक विश्वविद्यालय स्थापना गरिनेछ । (अर्थ मन्त्रालय २०६६ : ४१)

[२०] विश्वविद्यालय संघर्ष समिति, बाँकेले २०६५ फागुन अन्तिम हप्तादेखि बाँकेमा विश्वविद्यालय स्थापनाको लागि आन्दोलन गरेका थिए । उनीहरूले २०६६ वैशाख पहिलो हप्ता नेपालगञ्जको जमुनीमा रहेको भन्सार कार्यालय समेत एक सातासम्म बन्द गराएका थिए ।

[२१] सोही दिन मन्त्री चौधरीले अन्य दुई विश्वविद्यालय—सुदूरपश्चिमाञ्चल, र कृषि तथा वन विज्ञान—को विधेयक पनि व्यवस्थापिका-संसदमा पेश गरेका थिए ।

बजेट वक्तव्यमा मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्ने भनिए पनि स्थान तोक्ने काम नहुँदा सुर्खेतबाट प्रतिनिधित्व गर्ने सांसदले सदनमा आपत्ति जनाए । सुर्खेतबाट निर्वाचित नेपाली काँग्रेसका सांसद पूर्णबहादुर खड्काले भने :

> ...यो बहुविश्वविद्यालयहरूको कुरा गर्दा तपाईंले चार ओटा विश्वविद्यालयमध्ये तीन ओटा विश्वविद्यालयको स्थान तोक्नुभयो त्यो तोकेकोमा मलाई आपत्ति छैन । त्यहाँ पनि विश्वविद्यालय बनून् ... तर पूर्वाधार तयार नभएको प्रक्रिया पूरा नभएको आज सोचेर आजै प्रधानमन्त्रीलाई मन परेको ठाउँमा विश्वविद्यालयको नामाकरण ठाउँ तोक्ने काम हुन्छ । के कारणले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थान तोक्न प्रधानमन्त्री, अर्थमन्त्रीको खुट्टा काम्यो ? यदि स्थान तोक्न कुनै नेताका कारणले हो भने हामीलाई भन्नुहोस्, हामी जुध्न तयार छौँ । चार ओटा विश्वविद्यालयमा तीन ओटा घोषणा हुँदा एउटा भित्री मधेशको सुर्खेत मध्यपश्चिमको क्षेत्रीय सदरमुकाम, यत्रो प्रक्रिया पुगेको कुरा निर्णय गर्न यो सरकारको खुट्टा काम्छ भने, प्रधानमन्त्रीको खुट्टा काम्छ भने, अर्थमन्त्रीको खुट्टा काम्छ भने यो सरकारबाट [न्यायको आशा कसरी गर्ने] । प्रचण्डजीले यी कुरालाई इन्कार गर्न नसकेर मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतमा गर्ने भनेको निर्णय यदि भोलि यो सदनमा अर्थमन्त्रीले जवाफ दिन सक्नुभएन भने धेरै ठूलो संकट आउने छ, यो मेरो चुनौती होइन यो मेरो सुझाव हो । (संसद सचिवालय २०६६क : ३३४–३३७)

व्यवस्थापिका-संसदमा खड्काले बोलेको कुरालाई अध्ययन गर्दा उनले विश्वविद्यालय सुर्खेतमा किन स्थापना गर्ने भन्नेबारे मूलतः चार ओटा कुरालाई उठाएका थिए । पहिलो, सरकारले घोषणा गरेका चारओटा विश्वविद्यालयमध्ये तीन ओटा तराईमा पर्छन्, त्यसैले कमसेकम सामाजिक न्यायका हिसाबले पनि एउटा विश्वविद्यालय भित्री मधेश (सुर्खेत) मा स्थापना गरिनुपर्छ । दोस्रो, मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतमा खोल्नुपर्छ किनकि सुर्खेत मध्यपश्चिमको केन्द्र हो जो कर्णाली, रुकुम, जाजरकोट र राप्तीसँग जोडिएको छ, र बर्दिया र नेपालगञ्जबाट समेत अढाई घण्टामा पुगिन्छ । तेस्रो, २०५२ सालबाट सुर्खेती जनताले विश्वविद्यालय स्थापनाका लागि निरन्तर आवाज उठाइरहेका छन, उनीहरूले सप्ताह मार्फत करिब २८ करोड रुपैयाँ विश्वविद्यालयका नाममा जम्मा गरेका छन् र चार सय बिघाभन्दा बढी जग्गा विश्वविद्यालयका लागि छुट्ट्याएका छन् । र चौथो, मध्यपश्चिममा विश्वविद्यालय स्थापनाका लागि विभिन्न समयमा गठन भएका विज्ञ कार्यदल/समितिले पनि विश्वविद्यालय सुर्खेतमा राख्न सुझाव दिएका छन् । यी सबै कारणले मध्यपश्चिममा स्थापना हुने विश्वविद्यालय सुर्खेतमा हुनुपर्छ भन्ने खड्काको जिकिर थियो (हेर्नुहोस्, संसद सचिवालय २०६६क) ।

संसदमा भएको बहसलाई अध्ययन गर्दा नेपाल सरकारका दुई अर्थमन्त्री (भट्टराई र पाण्डे) ले विश्वविद्यालय स्थापनाका लागि स्थान छनोट गर्न नसक्नुमा विश्वविद्यालय स्थापनाको विषयमा मध्यपश्चिमबाट व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि (विशेषतः नेपाली काँग्रेस) बीचमा रहेको असमझदारीले प्रमुख भूमिका खेलेको आकलन गर्न सकिन्छ । विश्वविद्यालय स्थापना गर्ने स्थानलाई लिएर सुर्खेत र बाँकेका जनताबीच विवाद बढ्दै गएपछि यी क्षेत्रबाट राष्ट्रिय राजनीतिमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेतृत्वले सकेसम्म विश्वविद्यालय आफ्नो क्षेत्रमा स्थापना गर्ने प्रयत्न गर्न थाले । विश्वविद्यालय खोल्नेबारे स्थानीय जनतामा रहेको आकांक्षालाई सम्बोधन गर्नु तत्तत् क्षेत्रका जनप्रतिनिधिलाई एक प्रकारको राजनीतिक बाध्यता पनि भयो । विशेषतः मध्यपश्चिम क्षेत्रबाट राष्ट्रिय राजनीतिमा प्रतिनिधित्व गर्ने नेपाली काँग्रेसका दुई प्रभावशाली नेता सुशील कोइराला र पूर्णबहादुर खड्का बीचमा "स्थान विशेष" लाई लिएर विवाद थियो । बाँकेबाट निर्वाचित कोइराला बाँके र सुर्खेतबाट निर्वाचित खड्का सुर्खेतमै विश्वविद्यालय स्थापना गर्न चाहन्थे । आ-आफ्ना क्षेत्रमा विश्वविद्यालय स्थापना गर्न दुवैलाई आफ्ना मतदाताहरूबाट दबाब थियो र यो गर्न नसकेको खण्डमा भविष्यमा उनीहरूले त्यसको राजनीतिक मूल्य चुकाउनु पर्ने हुनसक्थ्यो । त्यस बाहेक सुर्खेत र बाँकेबाट प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलका जनप्रतिनिधिलाई पनि आ-आफ्नो क्षेत्रमा विश्वविद्यालय स्थापनाका लागि प्रयत्न गर्न सम्बन्धित जिल्लावासीको ठूलो दबाब थियो ।

मध्यपश्चिममा (सुदूरपश्चिममा पनि) विश्वविद्यालय खोल्न सरकारले गरेको आनाकानीलाई राज्यले आफ्नो क्षेत्रमाथि गरेको विभेद हो भन्ने ती ठाउँका अभियन्ताहरूको ठम्याइ थियो । शुरूबाटै मध्य/सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवीले राज्य संयन्त्रमा कमजोर पहुँच भएका कारण सुदूर र मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्न कठिन भएको कुरालाई बारम्बार उठाएको देखिन्छ । विशेष गरी २०५० सालमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना गर्ने बहस प्रतिनिधिसभामा भइरहँदा पूर्वाञ्चलबाट प्रतिनिधित्व गर्ने सांसद बाहेक यो विषयमा बोल्ने अधिकांश सांसदले यो विषयलाई महत्त्वका साथ उठाएका थिए (हेर्नुहोस् संसद सचिवालय २०५०) । मध्यपश्चिममा विश्वविद्यालय स्थापनाका सन्दर्भमा सरकारले लिएको विभेदपूर्ण रबैयाबारे विश्वविद्यालय स्थापना गर्ने अभियानका एक अभियन्ता पीताम्बर ढकाल लेख्छन् :

> ... बहुविश्वविद्यालयको अवधारणा बमोजिम नेपालमा विगतमा त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी विश्वविद्यालयको स्थापना गरियो । यी विश्वविद्यालयहरूमध्ये केही त्यति प्रभावकारी ढंगले सञ्चालन हुन नसके पनि त्यस्तै विश्वविद्यालय पनि पश्चिमी क्षेत्रमा स्थापना गरिएनन् । यस्ता विश्वविद्यालयहरूको स्थापना गर्दा अन्यत्र कुनै कार्यदल

> तथा आयोगको आवश्यकता परेन तर सबैभन्दा पिछडिएको मध्य तथा सुदूरपश्चिमका लागि विश्वविद्यालयको माग हुँदा कार्यदलहरू एकपटक मात्र होइन एउटै उद्देश्यका लागि कैयन पटक गठन गरेर टार्ने काम भयो । उपेक्षित हाम्रो यस क्षेत्रमा अपनाइएको सरकारी विभेदपूर्ण नीतिको उदाहरण हो यो । (ढकाल २०६५ : ३१)

ढकालको यो भनाइ मध्यपश्चिमबाट प्रतिनिधित्व गर्ने अधिकांश व्यक्तिको प्रतिनिधि बुझाइ पनि हो ।[२२] मध्यपश्चिममा विश्वविद्यालय स्थापना गर्नेबारे २०६५–२०६७ सालमा व्यवस्थापिका-संसदमा बोल्ने अधिकांश जनप्रतिनिधिले यसै कुरालाई कुनै न कुनै तरिकाले उठाएका थिए (हेर्नुहोस् संसद सचिवालय २०६५, २०६६क, २०६६ख, २०६७) ।

## सरकारी लगानीमा विश्वविद्यालय

विश्वविद्यालय स्थापना अभियानका अभियन्तालाई शुरूबाटै विश्वविद्यालय सञ्चालन गर्न आवश्यक पर्ने स्रोत कसरी जुटाउने भन्ने चिन्ता थियो । नयाँ विश्वविद्यालय स्थापना गर्दा आइपर्ने आर्थिक लगायत अन्य पक्षलाई बुझ्न पीताम्बर ढकालको संयोजकत्वमा भुषणकुमार मानन्धर र देवेन्द्रबहादुर थापा सदस्य रहेको समितिले २०५३ सालमा पूर्वाञ्चल विश्वविद्यालयको स्थलगत अध्ययन गरेका थिए । ऐनमा पूर्वाञ्चल विश्वविद्यालय "जनस्तरबाट" सञ्चालन गर्ने भने पनि त्यो व्यावहारिक रूपमा कार्यान्वयन हुन नसकेको जानकारी पूर्वाञ्चल विश्वविद्यालयका तत्कालीन पदाधिकारीहरूले छलफल क्रममा दिएका थिए ।[२३] विश्वविद्यालय स्थापनाअघि नै विश्वविद्यालय सञ्चालनका लागि चाहिने आर्थिक स्रोत लगायत भौतिक पूर्वाधारबारे प्रस्ट हुन आवश्यक छ भन्ने टुंगोमा उनीहरू पुगेका थिए ।[२४] पूर्वाञ्चल विश्वविद्यालको शुरूको स्थिति र लामो समय सुर्खेतस्थित वीरेन्द्र

[२२] यसबारे पीताम्बर ढकाल अर्को ठाउँमा लेख्छन्, "अझै पनि राजधानीका केही स्वेतपोष-धारीहरूमा पुरातनवादी मूल्य-मान्यताहरू कायमै छन् । मोफसलमा विश्वविद्यालय स्थापना गरियो भने आफू सरहको पदमा अर्को व्यक्ति जन्मने र आफ्नो मूल्य र सामाजिक मान्यता कमजोर हुने, हाम्रो मात्रै शिक्षामा पहुँच हुनुपर्छ भन्ने भित्री ढंगले हैकमवादी चिन्तनबाट ग्रस्त व्यक्तिहरूले सुर्खेत जस्तो ठाउँमा पनि विश्वविद्यालय ? भनेर हाँसोमा उडाउने प्रयत्न गर्दछन् । बनावटी रूपमा मोफसललाई घुमाई फिराई मानमर्दन गर्दै तिरस्कारको पात्र बनाउदै जाने हो भने शहरीयाहरू ग्रामीण जनता दास बनिरहने र दुवैको दूरी बढ्दै जाने हुन सक्छ । त्यसैले तथाकथित यो भावनाबाट मुलुकलाई मुक्त गर्न पनि विश्वविद्यालय स्थापना गर्नु औचित्यपूर्ण देखिन्छ" (ढकाल मिति नखुलेको : ४) ।

[२३] पूर्वाञ्चल विश्वविद्यालय ऐनमा भएको "जनस्तर" प्रावधानबारे वन्त, उप्रेती र पराजुली (सन् २०१५) हेर्नुहोस् ।

[२४] पीताम्बर ढकालसँग विभिन्न मितिमा गरिएको कुराकानीमा आधारित ।

बहुमुखी क्याम्पस[२५] सञ्चालन अनुभव भएका पीताम्बर ढकाल (र समितिका अन्य सदस्य पनि) सरकारको पूर्ण लगानीबिना सुर्खेतमा विश्वविद्यालय सञ्चालन सम्भव छैन भन्नेमा प्रस्ट थिए । ढकाल भन्छन् :

> २०५० सालमा स्थापना भएको पूर्वाञ्चल विश्वविद्यालय अनुभवले "जनस्तर" बाट विश्वविद्यालय सञ्चालन गर्न कठिन हुन्छ भन्ने कुरा हामीले सिकेका थियौँ । अर्कोतर्फ, राज्य र स्थापित विश्वविद्यालय (त्रिवि) बाट मध्यमाञ्चल विकास क्षेत्र सधैँ उपेक्षित रह्यो । आर्थिक रूपले विपन्न र शिक्षाको दृष्टिले पनि कमजोर मध्यपश्चिमाञ्चल क्षेत्रका जनताका छोराछोरीले पनि उच्च शिक्षा अध्ययनको सहज अवसर पाउन पनि मध्यपश्चिमाञ्चलमा विश्वविद्यालय खोल्दा त्यो सरकारी लगानीमा नै खोलिनुपर्छ भन्नेमा हाम्रो सधैँ जोड रह्यो । उच्च शिक्षामा क्षेत्रीय सन्तुलन मिलाउने दायित्व राज्यको पनि हो, त्यसैले सरकारले मध्यपश्चिममा शिक्षामा लगानी गर्नुपर्छ ।[२६]

मध्यपश्चिममा विश्वविद्यालय स्थापना सम्बन्धी भएका बहसमा विश्वविद्यालय सरकारी र सामुदायिक लगानीमा सञ्चालन गर्नुपर्ने कुरा बारम्बार उठाएको देखिन्छ । यसअघि स्थापना भएका पूर्वाञ्चल (स्था. २०५०) र लुम्बिनी बौद्ध विश्वविद्यालय (स्था. २०६३) सञ्चालन गर्न स्रोत र कार्यक्रमको अभावले जुन समस्या उत्पन्न भयो, भविष्यमा मध्यपश्चिममा खुल्ने विश्वविद्यालयले सोही समस्या भोग्नु नपरोस् भन्नेमा यी बहस केन्द्रित थिए । वि.सं. २०५५ मा महेन्द्रप्रसाद गिरीको अध्यक्षतामा गठित सुर्खेती कल्याण समाजले सुर्खेत उपत्यका भित्रका क्याम्पसहरूबीच सहकार्य र एकीकरण गरी यसको छाताको रूपमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना सरकारको पूर्ण लगानीमा हुनुपर्ने अवधारणालाई अगाडि सारेको थियो (खड्का २०६८) । त्यस्तै, विश्वविद्यालय स्थापना सम्बन्धी गठित कार्यदलका प्रतिवेदनहरूले पनि सो विश्वविद्यालय राज्यको लगानीमा सञ्चालन हुनुपर्ने कुरालाई प्रमुखताका साथ उठाएका थिए (हेर्नुहोस्, अमात्य २०६१ : २२; गिरी २०६४) । केशवानन्द गिरी नेतृत्वको कार्यदलको प्रतिवेदनमा भनिएको छ, "यो विश्वविद्यालय सरकार र समुदायको साझेदारीमा स्थापना गरिनु उपयुक्त हुन्छ" (गिरी २०६४ : ३४) ।

[२५] वीरेन्द्र बहुमुखी क्याम्पस २०३८ सालमा खोलिएको त्रिविबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस हो । यो क्याम्पस चालीस र पचासको दशकमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राम्रो क्याम्पस मानिन्थ्यो । यो क्याम्पस सञ्चालन गर्नेमा पीताम्बर ढकाल एक महत्त्वपूर्ण व्यक्ति थिए । उनी यस क्याम्पसमा २०४२ सालदेखि निरन्तर सात वर्ष क्याम्पस प्रमुख भएका थिए ।

[२६] पीताम्बर ढकालसँग भदौ ९, २०७२ मा गरिएको कुराकानी ।

स्थापना गरिसकेपछि आर्थिक अभावका कारण विश्वविद्यालय विचल्लीमा नपरोस्, र जनताका छोराछोरीले पनि कम शुल्कमा नै उच्च शिक्षा अध्ययन गर्न पाऊन् भन्ने उद्देश्यले सरकारी लगानीमा विश्वविद्यालय स्थापना हुनुपर्ने शैक्षिक अभियन्ताहरूको तर्क थियो । विश्वविद्यालय सञ्चालनमा आवश्यक पर्ने रकम राज्यबाट सुनिश्चित गर्नका लागि सरकारी लगानीको प्रावधान विश्वविद्यालयको ऐनमा नै किटान गरिनुपर्ने उनीहरूको माग थियो । सोही अनुरूप विश्वविद्यालय स्थापना सम्बन्धी प्रस्तावित केही मस्यौदा/विधेयकमा विश्वविद्यालय सरकारी अनुदान/लगानीमा हुनुपर्ने प्रावधान उल्लेख भएको पाइन्छ । उदाहरणका लागि, २०५९ सालको विधेयकमा लेखिएको छ, "कला, समाजशास्त्र, विज्ञान, कानून, व्यवस्थापन, शिक्षा, व्यवसाय, इन्जिनियरिङ, चिकित्सा शास्त्र, प्रविधि र तोकिएको अन्य विषयको उच्च तहका शिक्षण संस्थाहरूको सञ्चालनका लागि श्री ५ सरकारको अनुदानमा प्राप्त हुने गरी मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना गरिएको छ ।" २०६४ सालमा तयार गरिएको अर्को मस्यौदामा भने, "नेपाल सरकारको अनुदान प्राप्त हुने गरी सामुदायिक विश्वविद्यालयको रूपमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गरिने" उल्लेख थियो ।

तर सो विश्वविद्यालय स्थापनाका लागि २०६१ सालमा ल्याइन लागेको (तर अन्ततः तुहिएको) अध्यादेशमा सरकारी लगानीमा सञ्चालन हुने भन्नेबारे कुनै प्रावधान थिएन ।[२७] त्यस्तै, व्यवस्थापिका-संसदमा वैशाख २९, २०६७ मा तत्कालीन शिक्षा मन्त्री सर्वेन्द्रनाथ शुक्लाले दफावार छलफलका लागि सदनमा प्रस्तुत गरेको मध्यपश्चिमाञ्चल विश्वविद्यालय विधेयक, २०६६ मा पनि सरकारी लगानीको व्यवस्था थिएन । विधेयकमाथि व्यवस्थापिका-संसदमा भएका छलफलका "भर्बाटिम" प्रतिवेदन अध्ययन गर्दा यो बुझ्न सकिन्छ ।[२८] तत्कालीन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का मंगल विक, खिमलाल देवकोटा, चित्रबहादुर श्रेष्ठ, तिलक परियार, नारायणप्रसाद दाहाल, विमला केसी, श्रीराम ढकाल, शिवराम यादव र सरला रेग्मीले छलफल क्रममा विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराएका थिए । त्यसैगरी, नेपाली काँग्रेसका पूर्णबहादुर खड्का सहित गगन थापा, बादशाह कुर्मी, मोहम्मदी सिद्दिकी, रमेश लेखक र शम्भु हजारा दुसाध र एमालेका तर्फबाट

[२७] हेर्नुहोस्, मध्यपश्चिमाञ्चल विश्वविद्यालय अध्यादेश २०६१ । यो अध्यादेशको प्रतिलिपि मार्टिन चौतारी पुस्तकालयमा उपलब्ध छ ।

[२८] विधेयकको प्रस्तावना र सोही विधेयकको दफा २, ३, ७, ८ र १० मा संशोधनको प्रस्ताव दर्ता भएको थियो । संशोधनको पूर्ण विवरणका लागि संसद सचिवालय (२०६७) हेर्नुहोस् । दफावार छलफलका लागि सदनका प्रस्तुत यो विधेयक यस अनुसन्धाताले हालसम्म भेट्टाउन सकेको छैन । मध्यपश्चिमाञ्चल विश्वविद्यालयका रजिष्ट्रार महेन्द्रकुमार मल्ल र पूर्व डीन पीताम्बर ढकालले मध्यपश्चिमाञ्चल विश्वविद्यालय विधेयक, २०६६ मा नेपाल सरकारको लगानीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने प्रावधान नभएको तथ्य बताएका थिए ।

यामलाल कँडेल सहित गोपाल ठाकुर, जया घिमिरे, जोगिलाल यादव र सीताकुमारी पौडेलले विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराएका थिए। व्यवस्थापिका-संसदका यी तीनै प्रमुख दलले राखेका संशोधनमा "नेपाल सरकारको लगानीमा" भन्ने शब्दहरू थप्न भनिएको थियो। संसदमा प्रतिनिधित्व गर्ने अन्य दल : मधेसी जनअधिकार फोरम,[२९] तराई मधेश लोकतान्त्रिक पार्टी,[३०] सद्भावना पार्टी[३१] र नेपाल मजदूर किसान पार्टीले समेत विश्वविद्यालयलाई नेपाल सरकारको लगानीमा स्थापना र सञ्चालन गर्ने गरी संशोधन दर्ता गराएका थिए। अन्तत: विधेयकमा "नेपाल सरकारको लगानीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने" थप्ने प्रस्तावलाई संसदले सर्वसम्मतिले स्वीकृत गऱ्यो।

सोही विधेयक माथिको दफावार छलफलका क्रममा तराई जनजाति पार्टीका विश्वेन्द्र पासवानले त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस सुर्खेत क्याम्पस (शिक्षा) र सम्बन्धनप्राप्त अर्का क्याम्पस वीरेन्द्र बहुमुखी र पब्लिक साइन्सलाई संयुक्त रूपमा समावेश गरी सोही परिसरमा मध्यपश्चिम विश्वविद्यालय स्थापना गर्न संशोधन प्रस्ताव पेश गरे।[३२] व्यवस्थापिका-संसदले सो प्रस्ताव पनि पारित गऱ्यो। र, यससँगै, करिब १७ वर्षको निरन्तरको प्रयत्नपछि असार ३, २०६७ मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ राष्ट्रपतिबाट प्रमाणीकरण भई सुर्खेतमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना भयो।

## निष्कर्ष

लेखको पहिलो खण्डमा मध्यपश्चिम क्षेत्र (सुर्खेत) मा २०४६ सालयता विश्वविद्यालय स्थापना गर्न स्थानीय तवरमा र केन्द्रमा भएका प्रयत्नलाई चर्चा गरियो। २०५० सालमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना भएसँगै मध्यपश्चिममा पनि विश्वविद्यालय खोल्नका लागि अभियान अगाडि बढेको थियो। पूर्वाञ्चल विश्वविद्यालयको विधेयकमाथि व्यवस्थापिका-संसदमा बहस हुँदा विशेष गरी पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिमका सांसदले पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने सरकारी निर्णयलाई आलोचनात्मक समर्थन गर्दै अब उप्रान्त

[२९] संशोधन प्रस्ताव पेश गर्ने सदस्यमा आशाकुमारी सरदार र सेवकी देवी दास तत्मा थिए।

[३०] संशोधन प्रस्ताव पेश गर्ने सदस्यमा वृजेशकुमार गुप्ता, अरविन्द शाह, जयप्रकाश यादव र इश्वर दयाल मिश्र थिए।

[३१] संशोधन प्रस्ताव पेश गर्ने सदस्यमा अनिलकुमार झा र गौरी महतो कोईरी थिए।

[३२] "यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरी त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सञ्चालित सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत; सम्बन्धनप्राप्त वीरेन्द्रनगर बहुमुखी क्याम्पस, सुर्खेत र पब्लिक साइन्स क्याम्पस सुर्खेतलाई संयुक्त रूपमा समावेश गरी सुर्खेत क्याम्पस परिसरमा यो विश्वविद्यालयको स्थापना गरिनेछ।" यो संशोधन प्रस्ताव दफा ३ को उपदफा २ अन्तर्गत थियो।

खोलिने विश्वविद्यालय काठमाडौँभन्दा पश्चिमी भू-भागमा हुनुपर्ने विषयलाई गतिलोसँग उठाए । र, वि.सं. २०६२–२०६३ को दोस्रो जनआन्दोलनपछि मध्यपश्चिमाञ्चल विश्वविद्यालय निर्माण गर्ने (विशेष गरी सुर्खेतमा) मुद्दाले सामाजिक आन्दोलनकै रूप लियो । लेखको दोस्रो खण्डमा विश्वविद्यालय स्थापना गर्ने ठाउँको विवाद देखाइयो । र, तेस्रो खण्डमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय "सरकारी लगानीमा स्थापना र सञ्चालन" का लागि भएका प्रयत्नको चर्चा गरियो ।

मध्यपश्चिममा विश्वविद्यालय खोल्न स्थानीय/केन्द्रीय तहमा भएका यी प्रयत्न/संघर्षले केही कुरा बताउँछन् : पहिलो, क्षेत्रीय विश्वविद्यालय स्थापना गर्ने नीतिगत प्रस्टता हुँदाहुँदै पनि त्यस्तो विश्वविद्यालय खोल्ने कार्य सोचेभन्दा जटिल छ । र, यसो हुनुमा अस्थिर राष्ट्रिय (स्थानीय पनि) राजनीति प्रमुख कारण हो । दोस्रो, नेपालमा शुरूबाटै विश्वविद्यालय खोल्ने विषयमा "स्थान" ले महत्त्वपूर्ण भूमिका खेलेको छ । विश्वविद्यालय स्थापनासँगै त्यससँगै जोडिएर आउने अर्थ-राजनीतिक तथा सामाजिक पूँजीले गर्दा "स्थान" को विवाद हुने गरेको हो । तेस्रो, राज्यमा कमजोर पहुँच भएकाले आफ्नो माग/मुद्दा (यस लेखमा, विश्वविद्यालय खोल्ने) पूरा गराउन यस्तो माग/मुद्दालाई "सामुदायीकरण" गर्छन् । मध्यपश्चिम (सुर्खेत) मा विश्वविद्यालय खोल्न जुटेकाहरूले विश्वविद्यालय स्थापना गर्ने विषयलाई आम नागरिकको साझा मुद्दामा रूपान्तरण गर्न सके । र, यसैमा टेकेर त्यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने सभासद्हरूले विश्वविद्यालय स्थापना गर्ने विषयलाई प्रभावशाली तरिकाले उठान गर्न सके । ऐतिहासिक रूपमा केन्द्रीय राज्यसंयन्त्रमा कमजोर पहुँच भएका समुदायले निश्चित माग/मुद्दाप्रति राज्यको ध्यान केन्द्रित गर्न यस्ता मुद्दालाई "सामुदायीकरण" गर्नु आवश्यक हुन्छ भन्ने यो सफल उदाहरण हो ।

## कृतज्ञता

यो लेख त्रिभुवन विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष स्व. सूर्यलाल अमात्य (फागुन २०, १९९२–माघ २२, २०७३) मा समपर्ण गर्दछु, जसले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतमा स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए । नेपालको उच्च शिक्षा सुधार सम्बन्धी अध्ययन गर्न मार्टिन चौतारीलाई ओपन सोसाइटी फाउन्डेशनले दिएको सहयोगबाट यो लेख सम्भव भएको हो । यो लेख मार्टिन चौतारीद्वारा सञ्चालित चौथो प्राज्ञिक लेखन कार्यशालामा प्रस्तुत गरिएको थियो । अनुसन्धानको क्रममा सहयोग गर्ने स्व. सूर्यलाल अमात्य, त्रिरत्न मानन्धर, पीताम्बर ढकाल, प्रत्यूष वन्त, महेन्द्रकुमार मल्ल, पद्मलाल देवकोटा, विष्णुकुमार खड्का, दयाराज सुवेदी, खगेन्द्र अधिकारी, लोकरञ्जन पराजुली, महेशराज महर्जन, देवराज हुमागाईं र रमेश खत्रीलाई धन्यवाद छ । लेखमा रहेका कमी कमजोरी सबै मेरा हुन् । लेखको प्रारम्भिक मस्यौदा पढी सुझाव दिने सबैप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री


अधिकारी, कृष्ण र लोकरञ्जन पराजुली । सन् २०१४ । पोखरामा विश्वविद्यालय स्थापनार्थ भएका प्रयास र उच्च शिक्षाको राजनीति । *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* १९(२) : ३२३–३४५ ।

अन्नपूर्ण पोष्ट । २०६५ । सुर्खेतमा विश्वविद्यालय खोलिए बाँकेमा आन्दोलन । फागुन २७, पृ. १० ।

अमात्य, सूर्यलाल, संयोजक । २०५९ । नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापनाको सम्बन्धमा सम्भाव्यता अध्ययन कार्य दलको प्रतिवेदन, २०५९ । अप्रकाशित दस्तावेज ।

अमात्य, सूर्यलाल, संयोजक । २०६१ । प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको प्रारम्भिक प्रारूप तयार गर्न गठित कार्यदलको प्रतिवेदन, २०६१ । अप्रकाशित दस्तावेज ।

अर्थ मन्त्रालय । २०६५ । *आर्थिक वर्ष २०६५–२०६६ को बजेट वक्तव्य* । काठमाडौँ : अर्थ मन्त्रालय, नेपाल सरकार ।

अर्थ मन्त्रालय । २०६६ । *आर्थिक वर्ष २०६६–२०६७ को बजेट वक्तव्य* । काठमाडौँ : अर्थ मन्त्रालय, नेपाल सरकार ।

उप्रेती, देवेन्द्र । सन् २०१६ । शक्तिमा हुनेको पनि असफलता : विराटनगरमा विश्वविद्यालय स्थापनार्थ भएका प्रयास (वि.सं. २०२३–२०४९) । *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* २१(१) : १५१–१८१ ।

कान्तिपुर । २०६५ । मध्यपश्चिम विश्वविद्यालय नेपालगञ्जमा राख्न माग । फागुन २७, पृ. ५ ।

खड्का, विष्णुकुमार । २०६८ । मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा सुर्खेत क्याम्पस शिक्षा समायोजनको सवाल । सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र, चैत २७ ।

गिरी, केशवानन्द, संयोजक । २०६४ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय तयारी समितिको प्रतिवेदन, २०६४ । अप्रकाशित प्रतिवेदन, विश्वविद्यालय अनुदान आयोग, भक्तपुर ।

गोरखापत्र । २०६५ । सात हजार सहिद । फागुन १७, पृ. १ ।

गौतम, सूर्यमणि । २०६५ । विश्वविद्यालयका लागि सहयोग जुटाउन महायज्ञ । *अन्नपूर्ण पोष्ट*, फागुन २९, पृ. १० ।

झा, प्रमोदकुमार, संयोजक । २०६६ । नेपालगञ्ज विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्यटोलीद्वारा प्रस्तुत प्रतिवेदन, २०६६ । अप्रकाशित प्रतिवेदन, विश्वविद्यालय अनुदान आयोग, भक्तपुर ।

ढकाल, पीताम्बर । मिति नखुलेको । मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको आवश्यकता, औचित्य र अवधारणा । सुर्खेत क्याम्पस शिक्षा, सुर्खेतमा प्रस्तुत गरिएको कार्यपत्र ।

ढकाल, पीताम्बर । २०६५ । मध्यपश्चिम विश्वविद्यालयको स्थापना अझै अलमलमा । *स्मारिका विशेषाङ्क-२०६५ : सुर्खेतमा विश्वविद्यालय स्थापनाका लागि मौद्गल्य सेवा समाज नेपालको आयोजनामा सञ्चालित श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ* । पृ. ६५–६६ । वीरेन्द्रनगर : मौद्गल्य सेवा समाज नेपाल ।

तिमिल्सेना, नारायणप्रसाद, सं. । २०६६ । *स्मारिका विशेषाङ्क-२०६५ : सुर्खेतमा विश्वविद्यालय स्थापनाका लागि मौद्गल्य सेवा समाज नेपालको आयोजनामा सञ्चालित श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ* । वीरेन्द्रनगर : मौद्गल्य सेवा समाज नेपाल ।

नेपाली काँग्रेस । २०५६ । *नेपाली काँग्रेसको घोषणापत्र: आमनिर्वाचन २०५६* । काठमाडौँ : नेपाली काँग्रेस ।

पराजुली, लोकरञ्जन, प्रत्यूष वन्त र देवेन्द्र उप्रेती । २०७३ । एकीकृत उच्च शिक्षा ऐन चाहिएला ? *कान्तिपुर*, मंसिर ६, पृ. ६ ।

प्रधानांग, उपेन्द्रबहादुर, संयोजक । २०६० । *विश्वविद्यालय अनुदान आयोग : उच्चशिक्षा कार्यदलको प्रतिवेदन, २०६०* । काठमाडौँ : उच्च शिक्षा कार्यदल ।

भट्ट, नरेन्द्र । २०६५ । क्याम्पसभित्र विश्वविद्यालय वा विश्वविद्यालयभित्र क्याम्पस । *अन्नपूर्ण पोष्ट*, फागुन ३०, पृ. ७ ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय । २०७३ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय : वार्षिक प्रगति प्रतिवेदन । अप्रकाशित, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत ।

मल्ल, महेन्द्रकुमार । २०६० । *नेपाल प्राध्यापक संघ मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय गोष्ठी–२०५९ स्मारिका* । सुर्खेत : ने.प्रा. संघ, मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय गोष्ठी आयोजक समिति ।

मार्टिन चौतारी । २०७१ । *त्रिवि 'टुक्र्याएर' नयाँ विश्वविद्यालय बनाउँदाका जटिलता* । जानकारी पत्र, अंक १४ । काठमाडौँ : मार्टिन चौतारी ।

राष्ट्रिय योजना आयोग । २०५५ । नवौँ *योजना (२०५४–२०५९)* । काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय शिक्षा आयोग । २०४९ । *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९* । काठमाडौँ : राष्ट्रिय शिक्षा आयोग ।

वाग्ले, मनप्रसाद । २०६६ । प्रस्तावित कथित छाता ऐन र नेपालको उच्च शिक्षाको भविष्य । एजुकेशन हेल्पलाइनले आयोजना गरेको "उच्च शिक्षा र संघीयता" विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र, चैत २७ र २८, विराटनगर ।

शाही उच्च शिक्षा आयोग । २०४० । *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन* । काठमाडौँ : शाही उच्च शिक्षा आयोग ।

संसद सचिवालय । २०५० । *प्रतिनिधिसभा पाँचौँ अधिवेशन २०५० : कार्यवाहीको सम्पूर्ण विवरण* । भाद्र १ । काठमाडौँ : संसद सचिवालय ।

संसद सचिवालय । २०६५ । *व्यवस्थापिका-संसद चौथो अधिवेशन २०६५ : कार्यवाहीको सम्पूर्ण विवरण* । असोज ८ । काठमाडौँ : संसद सचिवालय ।

संसद सचिवालय । २०६६क । *व्यवस्थापिका-संसद छैठौँ अधिवेशन : कार्यवाहीको सम्पूर्ण विवरण* । असार ३० । काठमाडौँ : संसद सचिवालय ।

संसद सचिवालय । २०६६ख । *व्यवस्थापिका-संसद छैठौँ अधिवेशन २०६६ : कार्यवाहीको सम्पूर्ण विवरण* । साउन १५ । काठमाडौँ : संसद सचिवालय ।

संसद सचिवालय । २०६६ग । *व्यवस्थापिका-संसद छैठौँ अधिवेशन २०६६ : कार्यवाहीको सम्पूर्ण विवरण* । माघ १३ । काठमाडौँ : संसद सचिवालय ।

संसद सचिवालय । २०६७ । *व्यवस्थापिका-संसद सातौँ अधिवेशन २०६७ : कार्यवाहीको सम्पूर्ण विवरण* । वैशाख २९ । काठमाडौँ : संसद सचिवालय ।

Khaniya, Tirth Raj. 2011. Higher Education Act: Making the Senate of University More Functional. *Vikas* 31(2): 40–51.

Malla, Kamal Prakash. 1995. *Tertiary Education in Nepal: An Assessment*. Kathmandu: HMG/TU/UNDP/World Bank.

Onta, Pratyoush, Devendra Uprety and Lokranjan Parajuli. 2015. How Not to Make New Universities. Paper presented at "The Fourth Annual Conference on Nepal and the Himalaya," organized by Social Science Baha, Association for Nepal and Himalayan Studies, Britain-Nepal Academic Council and Centre for Himalayan Studies-CNRS, July 22–24, Kathmandu.

## लेखक परिचय

**देवेन्द्र उप्रेती** मार्टिन चौतारीका अनुसन्धाता हुन् । उच्च शिक्षा, विधा अध्ययन र प्राज्ञिक संस्थाबारे उनले अनुसन्धान गरेका छन् । *द स्टेट अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी : टिचिङ एण्ड रिसर्च इन नेपाल* (सन् २०१४) का सहलेखक उप्रेतीका लेखहरू विभिन्न पत्रपत्रिका तथा जर्नलमा प्रकाशित छन् । इमेल : upretydevendra@gmail.com